राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४३ २०८२ पुस १० गते विहिवार (25 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशमा दलित समुदायको अवस्था कमजोर, जन्मदर उच्च


दैनिक समाचारदाता
जनकपुरधाम, ९ पुस । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक प्रतिवेदनअनुसार मधेश प्रदेशमा दलित समुदायको सामाजिक-आर्थिक अवस्था अत्यन्त कमजोर रहेको देखिएको छ । यद्यपि, यस समुदायमा बच्चा जन्माउने दर भने औसतभन्दा बढी रहेको तथ्यांकले देखाएको छ ।

बुधबार जनकपुरधाममा दलित महिला संघ र राष्ट्रिय तथ्यांक कार्यालयको संयुक्त आयोजनामा सम्पन्न 'दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक तथ्यांकसम्बन्धी अन्तरसंवाद' कार्यक्रममा उक्त तथ्य सार्वजनिक गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालयका प्रतिनिधि विनोद शरण आचार्यले प्रस्तुत गरेको तथ्यांकअनुसार मधेश प्रदेशमा बसोबास गर्ने दलित समुदायको आर्थिक सम्पन्नता सूचकांक ४०.७ प्रतिशत मात्र रहेको छ । तर, बच्चा जन्माउने दर तीन सन्तानभन्दा बढी रहेको पाइएको छ ।

प्रस्तुत तथ्यांकअनुसार मधेश प्रदेशका ७७.९ प्रतिशत दलित समुदाय माटोको घरमा बसोबास गर्दै आएका छन् । त्यस्तै, १७.१ प्रतिशत दलित समुदाय धारा वा हातेपाइपको पहुँचबाट वञ्चित छन् । २४.६ प्रतिशत दलित समुदायसँग शौचालयको सुविधा नभई खुला स्थानमै शौच गर्न बाध्य छन् । आफ्नै सवारी साधन हुने दलित समुदायको प्रतिशत एक मात्र रहेको उल्लेख गरिएको छ ।

त्यसैगरी, ६८ वर्षभन्दा बढी आयु पुग्ने दलित समुदायको हिस्सा ३.६ प्रतिशत मात्र रहेको छ भने केवल २.२ प्रतिशत दलित समुदाय उच्च सम्पन्नताको सूचीमा परेको तथ्यांकले देखाएको छ ।



कार्यक्रममा वक्ताहरूले मधेश प्रदेशमा दलित समुदाय आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै क्षेत्रमा पछाडि परेको र उनीहरूका लागि लक्षित नीति तथा कार्यक्रम प्रभावकारी रूपमा निर्माण हुन नसकेको गुनासो गरेका छन् ।

दलित महिला संघकी मधेश प्रदेश अध्यक्ष गीता दासको अध्यक्षतामा सम्पन्न अन्तरसंवाद कार्यक्रममा मधेश प्रदेश सभामुख रामअशिष यादवले सम्बोधन गर्दै सामाजिक न्याय स्थापना गर्न दलित समुदायको अवस्था सुधार अत्यावश्यक रहेको बताए । "दलित समुदाय शिक्षा क्षेत्रमा पहुँच नबढेसम्म लोकतन्त्र समृद्ध हुन सक्दैन," उहाँले जोड दिनुभयो ।

सभामुख यादवले राष्ट्रिय तथ्यांक कार्यालयले प्रस्तुत गरेको तथ्यांक सन्तोषजनक नरहेको टिप्पणी गर्दै समृद्ध प्रदेश निर्माणका लागि दलित समुदायलाई सबै क्षेत्रमा सक्षम र आत्मनिर्भर बनाउनेतर्फ राज्य गम्भीर हुनुपर्ने बताए । दलितसम्बन्धी तथ्यांकीय प्रतिवेदनअनुसार मधेश प्रदेशमा दलित समुदायको जनसंख्या १६.६ प्रतिशत रहेको छ ।

तथ्यांकीय प्रतिवेदनमा दलित वर्गको जनसंख्या, साक्षरता दर, महिलाको संख्या, स्वास्थ्य अवस्था, रोजगारी, मातृ मृत्युदरलगायतका सूचकहरू अघिल्ला अनुमानभन्दा फरक देखिएको पनि जनाइएको छ ।

कार्यक्रममा मधेश प्रदेश सभासद् ललिता दास, नीति तथा योजना आयोगका सदस्य रामचन्द्र यादव, इन्सेकका राजु पासमान, राष्ट्रिय दलित पत्रकार संघका मधेश प्रदेश अध्यक्ष कैलास दास, मानव अधिकारकर्मी विनोद महरा, दलित महिला संघ धनुषाकी अध्यक्ष सरस्वती मण्डल, किरण दासलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

## वीरगञ्जबाट ५ महिनामा ७२ अर्बको पेट्रोलियम पदार्थ आयात




दैनिक समाचारदाता
वीरगञ्ज, ९ पुस । वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा ७२ अर्ब २८ करोड मूल्यको पेट्रोलियम पदार्थको आयात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयले पाँच थरिका पेट्रोलियम पदार्थको आयातबाट मात्र सो अवधिमा ३० अर्ब २५ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा पेट्रोलियम पदार्थको आयात बढेसँगै राजस्वमा पनि वृद्धि भएको बताए ।

गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ६.४२ प्रतिशत अर्थात एक अर्ब ८३ करोड रुपैयाँ बढी राजस्व संकलन भएको हो । जबकि गत आवको पाँच महिनामा भने ६९ अर्ब १५ करोड मूल्यका पाँच थरिका पेट्रोलियम पदार्थको आयात भएको थियो । चालु आवको पाँच महिनामा वीरगञ्ज हुँदै ३५ अर्ब ३१ करोड मूल्यको डिजेलको आयात भयो ।

त्यसैगरी १७ करोड ३६ लाख मूल्यको पेट्रोल र १२ अर्ब १७ करोड रुपैयाँको एलपी ग्यासको पनि आयात भएको छ ।

त्यस्तै सात अर्ब २५ करोड रुपैयाँको एटीएफ र १९ करोड रुपैयाँको मट्टितेल आयात भएको छ ।


यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## १९ जनाको नाम कांग्रेसले हटाउने

दैनिक समाचारदाता
काठमाडौं, ९ पुस । नेपाली कांग्रेसले प्रदेशसभा अन्तर्गतको समानुपातिक सूचीमा रहेका १९ जनाको नाम हटाउने निर्णय गरेको छ । बुधबार बसेको पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले प्रदेशसभामा रहेका १९ जनाको नाम हटाउने प्रस्ताव पास गरेको हो ।
'प्रदेशसभामा बन्दसूचीमा रहेका साथीहरू बन्दसूचीबाट आफ्नो

बाँकी पृष्ठ ४मा


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।
- परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# चिसो बढ्दा पनि निदाइरहेको राज्य

मधेश प्रदेशमा पुसको पहिलो सातादेखि निरन्तर बढिरहेको चिसोले जनजीवन अस्तव्यस्त बनाउँदै लगे पनि राज्य संयन्त्र भने अझै गहिरो निद्रामा देखिन्छ । शीतलहर, बाक्लो हुस्सु र असामान्य मौसमले विद्यालय बन्द गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । सडक सुनसान छन्, बजार चलायमान छैनन्, श्रमिकको चुलो बल्न छाडेको छ । तर विपद् व्यवस्थापनको जिम्मा लिएका संघ, प्रदेश र स्थानीय–तीनै तहका सरकारको उपस्थिति भने कतै अनुभूत हुन सकेको छैन ।

चिसो अब प्राकृतिक समस्या मात्र रहेन, यो सामाजिक र मानवीय संकटको रूपमा देखिन थालेको छ । जलवायु परिवर्तनका कारण मौसम चक्र असन्तुलित हुँदै गएको तथ्य विज्ञहरूले बारम्बार औंल्याउँदै आएका छन् । एकाएक चिसो बढ्नु, फेरि असामान्य रूपमा गर्मी आउनु, त्यसले निम्त्याउने रोगव्याधि र जीविकामा पर्ने असर–यी सबै राज्यका लागि 'पूर्वसूचना' हुन् । तर दुर्भाग्य, यस्ता चेतावनीलाई नीतिगत तयारीमा रूपान्तरण गर्ने इच्छाशक्ति राज्यमा देखिँदैन ।

तराई-मधेशका ग्रामीण भेगमा बसोबास गर्ने दलित, जनजाति, मुसहर, विपन्न र असहाय समुदाय चिसोका प्रत्यक्ष सिकार बनेका छन् । न्यानो कपडाको अभाव, सुरक्षित आवासको कमी र स्वास्थ्य सेवामा पहुँच नहुँदा उनीहरूको अवस्था झनै दयनीय छ । सहरमा दैनिक ज्यालादारी गर्ने मजदुर, रिक्सा चालक, ठेला व्यापारी र निर्माण मजदुर कामविहीन बन्दै गएका छन् । चिसोले काम रोकेको छ, काम रोकिँदा भोक बढेको छ । तर राज्यका आँखा भने अझै बन्द छन् ।

विपद् व्यवस्थापन ऐन, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहका आकस्मिक कोष, प्रदेशस्तरीय विपद् कोष–कागजमा व्यवस्था धेरै छन् । तर संकटको घडीमा ती सबै निष्क्रिय देखिनु राज्यको गम्भीर असफलता हो । हालसम्म प्रभावित समुदायका लागि न त व्यापक रूपमा कम्बल वितरण भएको छ, न त न्यानो कपडा, दाउरा वा अस्थायी आश्रयको व्यवस्था गरिएको छ । केही जिल्लामा 'तयारी भइरहेको' भन्ने सूचना मात्र आउनु, संकटको गम्भीरतालाई राज्यले नबुझेको प्रमाण हो ।

सबैभन्दा चिन्ताजनक अवस्था बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी र अशक्त व्यक्तिको हो । चिकित्सकहरूले निमोनिया, श्वासप्रश्वाससम्बन्धी रोग र अन्य चिसोजन्य समस्याको जोखिम बढेको चेतावनी दिइसकेका छन् । तर स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय र स्थानीय स्वास्थ्य संस्थाबीच समन्वय देखिँदैन । न त निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ, न त जोखिममा परेकाहरूको पहिचान गरी विशेष हेरचाहको व्यवस्था गरिएको छ ।

यहाँ प्रश्न उठ्छ–विपद् पर्खेर मात्र राज्य चल्ने हो ? हरेक वर्ष पुस-माघमा चिसो बढ्छ भन्ने थाहा हुँदाहुँदै किन पूर्वतयारी हुँदैन ? किन स्थानीय तहले आफ्नो बजेटमा 'चिसो राहत' लाई प्राथमिकता दिँदैन ? किन प्रदेश सरकारले जोखिमयुक्त समुदायको तथ्यांक संकलन गरेर समयमै हस्तक्षेप गर्न सक्दैन ? र किन संघीय सरकार राष्ट्रिय स्तरको स्पष्ट निर्देशन र स्रोत परिचालन गर्न उदासीन देखिन्छ ?

विपद् व्यवस्थापन भनेको भाषण, बैठक र विज्ञप्तिमा सीमित विषय होइन । यो जीवन र मृत्युको प्रश्न हो । मधेशका खुला बासस्थान, फुसका घर, नदीकिनार र बस्तीहरूमा बस्ने नागरिक पनि यही राज्यका नागरिक हुन् । उनीहरू चिसोले ज्यान गुमाउँदा त्यो 'प्राकृतिक मृत्यु' होइन, राज्यको लापरवाहीको परिणाम हुन्छ ।

अब पनि ढिला भएको छैन । संघ सरकारले तत्काल विशेष चिसो राहत कार्यक्रम घोषणा गर्नुपर्छ । प्रदेश सरकारले जिल्ला र स्थानीय तहसँग समन्वय गरेर कम्बल, न्यानो कपडा, दाउरा र अस्थायी आश्रयको व्यवस्था गर्नुपर्छ । स्थानीय तहले जोखिममा रहेका परिवारको सूची तयार गरी घर-घरमै राहत पुऱ्याउनुपर्छ । स्वास्थ्य सेवा, सचेतना अभियान र स्वयंसेवक परिचालनलाई प्राथमिकता दिनुपर्छ । चिसो बढिरहेको छ । तर त्योभन्दा बढी चिन्ताको विषय राज्यको संवेदनहीनता हो । नागरिक कठ्यांग्रिँदा पनि सरकार न्यानो ओढेर बसिरहने हो भने संघीयताको अर्थ र राज्यको औचित्यमाथि नै प्रश्न उठ्नेछ । अब पनि गम्भीर नहुने हो भने, चिसोले होइन–उपेक्षाले नागरिक मर्नेछन् ।

# सत्ताको उचाइमा उभिँदा पनि नझुकेको मानवीय अनुहार



कैलास दास

"विद्या ददाति विनय" विद्याले मानिसलाई विनम्र बनाउँछ । संस्कृतको यो श्लोक शास्त्रीय ग्रन्थमा सीमित कुनै अमूर्त दर्शन मात्र होइन, जीवन र आचरणमा उतारिन सके त्यसको अर्थ पूर्ण हुन्छ । मधेश प्रदेशका नवनिर्वाचित सभामुख रामअशिष यादवले यही श्लोकलाई व्यवहारमा प्रमाणित गरिरहेका देखिन्छन् । पद, प्रतिष्ठा र शक्तिले मानिसलाई समाजबाट टाढा लैजान्छ भन्ने आम धारणा बीच उहाँको जीवनशैली भने त्यसको ठीक उल्टो सन्देश दिइरहेको छ ।

सभामुखमा निर्वाचित भएपछि धेरैको दिनचर्या बदलिन्छ । सुरक्षाकर्मीको घेरा, औपचारिकता, पहुँचको दूरी र आम नागरिकसँगको सम्बन्ध औपचारिक भाषणमा सीमित हुने परिपाटी हामीले देख्दै आएका छौं । तर रामअशिष यादवको बिहान अझै उस्तै छ ( पुरानै साथीभाइ, उही मोर्निङ वाक, उही खुला संवाद र समाजप्रतिको उही चासो । पदले उहाँलाई समाजभन्दामाथि उठाएको छैन, बरु समाजप्रतिको जिम्मेवारी अझ गहिरो बनाएको छ ।



एक बिहानको भेटमा सहजै उठेको जिज्ञासा थियो('अब तपाईंमाथि ठूलो जिम्मेवारी थपिएको छ । यसरी बिना सुरक्षा, पुरानै प्रवृत्तिमा हिँडडुल गर्नु कतिको उपयुक्त होला ? प्रश्न सामान्य थियो, तर उत्तर गहिरो । मुस्कानसहित उहाँले भन्नुभयो( "म यही समाजको छोरा हुँ । यही समाजमा हुर्किएँ, यही समाजले मलाई यहाँसम्म ल्याएको हो । आज म सभामुख बनेको छु, तर समाजबाट टाढा भएँ भने, समाजका कुरा नसुनें भने, राज्यसँग समाजको आवाज नपुऱ्याएँ भने त्यो पदको अर्थ के रहला ?"

यो उत्तर केवल व्यक्तिगत आत्मविश्वासको अभिव्यक्ति मात्र होइन, यो लोकतान्त्रिक चेतनाको उद्घोष हो । लोकतन्त्रमा पद जनता बाट आउँछ र जनताकै बीच रहनु त्यसको आत्मा हो । तर दुर्भाग्य, हाम्रो राजनीतिक संस्कृतिमा पद प्राप्त गरेपछि जनता बिर्सने प्रवृत्ति हावी हुँदै गएको छ । यस्तो अवस्थामा सभामुखजस्तो गरिमामय पदमा पुगेको व्यक्तिबाट आएको यस्तो सोच आफैंमा सामाजिक जनचेतनाको सन्देश हो ।

रामअशिष यादवको यात्रा कुनै एकाएकको राजनीतिक उदय होइन । उहाँको जीवन बहुआयामिक छ । कहिले शिक्षक भएर कक्षाकोठामा युवाहरूको भविष्य उज्यालो पार्ने प्रयास, कहिले पत्रकार भएर समाजका पीडा, विभेद र अन्यायलाई कलममार्फत उजागर गर्ने साहस । नेपाल पत्रकार महासंघ धनुषाको अध्यक्ष हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियासँगको सक्रिय संलग्नता( यी सबै उहाँका जीवनका अध्याय हुन् । पत्रकारितासँगै सामाजिक सेवामा सक्रियता, समुदायसँग प्रत्यक्ष संवाद र सहभागिता उहाँको पहिचान बनेको छ ।

त्यही यात्राबारे प्रश्न गर्दा उहाँको जवाफ अझ स्पष्ट थियो( "काम गर्ने तरिका फरक हुन सक्छ, तर गर्ने त यही समाजका लागि हो । शिक्षक हुँदा युवालाई चेतनशील बनाउने प्रयास गरेँ । पत्रकार हुँदा समाजका व्यथाहरू बाहिर ल्याएँ । सामाजिक सेवामा लाग्दा प्रत्यक्ष रूपमा मानिसको पीडासँग उभिएँ । त्यतिले नपुग्दा यही समाजले मलाई प्रदेश सभासम्म पठायो, कानून निर्माणका लागि । आज सभामुख छु, तर उद्देश्य एउटै छ( समयअनुसार सामाजिक परिवर्तन, शान्ति, सुरक्षा र सुशासन ।"

यो भनाइले राजनीति केका लागि भन्ने प्रश्नको उत्तर दिन्छ । राजनीति केवल सत्ता, पद र लाभका लागि होइन, समाज रूपान्तरणको माध्यम हो भन्ने विश्वास यसमा झल्किन्छ । आजको नेपाली राजनीतिमा सबैभन्दा ठूलो अभाव नै यही दृष्टिकोणको छ । सत्ता परिवर्तन त भइरहन्छ, तर सामाजिक परिवर्तन किन ढिलो छ ? किन जनताको जीवनस्तर उस्तै छ ? किन दलित, विपन्न, महिला र सीमान्तकृत समुदाय अझै पनि राज्यको प्राथमिकतामा पर्दैनन् ? यी प्रश्नहरूको उत्तर व्यवहारमै खोजिनुपर्छ । मधेशजस्तो भेग, जहाँ सामाजिक विभेद, गरिबी, बेरोजगारी र जलवायु परिवर्तनका असर गहिरिँदै गएका छन्, त्यहाँ नेतृत्वको संवेदनशीलता झनै महत्वपूर्ण हुन्छ । सभामुखजस्तो पदले कानून निर्माणको प्रक्रियालाई मार्गदर्शन गर्ने मात्र होइन, लोकतान्त्रिक अभ्यासलाई संस्कारित गर्ने जिम्मेवारी पनि बोकेको हुन्छ । सभामुख यदि समाजसँग जोडिएको छ भने संसद् पनि जनजीवनसँग जोडिन सक्छ ।

रामअशिष यादवको विनम्रता, खुलापन र समाजप्रतिको लगाव केवल व्यक्तिगत गुणको विषय होइन । यो राजनीतिक संस्कारको आवश्यकता हो । यसले राजनीतिलाई जनतासँग पुनः जोड्ने आशा जगाउँछ । सामाजिक जनचेतनाको दृष्टिले हेर्दा, यस्ता उदाहरणहरूले युवालाई राजनीतिप्रति निराश होइन, सचेत र सहभागी बन्न प्रेरित गर्न सक्छ ।

अन्ततः "विद्या ददाति विनय" भन्ने श्लोकको सार यही हो ( ज्ञान, अनुभव र पदले मानिसलाई अहंकारी होइन, जिम्मेवार र विनम्र बनाओस् । यदि हाम्रो राजनीतिक नेतृत्वले यही भाव आत्मसात् गर्न सके, मधेश मात्र होइन, सिंगो देशमा सुशासन, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यहरू बलियो बन्नेछन् । सभामुखको बिहानको मोर्निङ वाक केवल हिँडडुल होइन, त्यो समाज र राज्यबीचको सेतु हो । यही सेतु बलियो बनाउन सके, राजनीति फेरि जनताको भरोसाको विषय बन्न सक्छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१–५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा–१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१–५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१–५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१–५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१–५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१–५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१–५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१–५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१– |
| मुजेलिया प्रहरी चौकी | ०४१–५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१–५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१–५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१–५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१– |
| बरुण यन्त्र जउमनपा | ०४१–५२००११ |
| बस पार्क | ०४१–५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१–५२००४४ |
| बुद्ध एयर | ०४१–५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१–५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१–५२०१५१ |
| जानकी केवुल | ०४१–५२३७२८ |
| शाह केबुल | ०४१–५२४७२२ |

# 'सङ्गीतले शल्यक्रियाका बेला बिरामीलाई सजिलो बनाउँछ र छिटो सञ्चो बनाउँछ': अध्ययन

-सौतिक बिस्वास

भारतको राजधानी दिल्लीमा एक बिरामी एक अपरेशन थिएटरको चर्को प्रकाशमा पल्टिरहेकी छन् र डाक्टरहरू उनको पित्ताशय काटेर फ्याँक्ने तयारी गरिरहेका छन्।

उनलाई 'जेनरल एनेस्थेसिया' दिइएको छ: औषधीको मिश्रणले उनलाई बेहोस बनाएको छ। उनी हलचल नगरी स्थिर अवस्थामा छन्, गहिरो निद्रा छ, कुनै कुरा सम्झन नसक्ने तथा दुखाइ थाहा नपाउने अवस्था छ र उनको मांसपेशीमा पनि अस्थायी असर परेको अवस्था छ।



तै पनि मनिटरहरूबाट आइरहेको निरन्तरको हूँ... आवाज र शल्यक्रिया गर्ने चिकित्सकहरूको कामको व्यस्तताबीच उनको कानमा हेडफोन लगाइएको छ र त्यसमा बाँसुरीको मधुरो धुन बजिरहेको छ।

औषधिले उनको मस्तिष्कको धेरैजसो भागलाई शान्त बनाइदिएको भए पनि सुन्ने भाग भने आंशिक रूपमा सक्रिय छ।

जब उनी औषधीको असर सकिएर ब्युँझिनेछिन्, उनको होस अलि छिटो फर्किने छ किनभने उनलाई बेहोस बनाउने प्रोपोफोल तथा दुखाइ कम गराउने ओपिओइड जस्तो औषधीको तुलनात्मक रूपमा कम मात्रा मात्र आवश्यक परेको थियो।

दिल्लीको मौलाना आजाद मेडिकल कलेज र लोक नायक अस्पतालको नयाँ 'पीअर रिभ्यूड' (समकक्षीहरूले समीक्षा गरेको) अध्ययनले त्यस्तै देखाएको छ।

'म्युजिक एन्ड मेडिसिन' जर्नलमा छापिएको एक अध्ययनमा सङ्गीतका कारण बिरामीलाई बेहोस बनाउने औषधीको मात्रा पनि कम चाहिने र शल्यक्रियापछि सञ्चो हुने प्रक्रिया पनि तीव्र बनाउने केही बलिया प्रमाणहरू पेस भएको छ।

सर्जरीपछि बिरामीहरू छर्लङ्ग मस्तिष्क र दुखाइबिना ब्युँझिन पाउनु सबभन्दा राम्रो अवस्था हो

यो अध्ययन खासगरी 'ल्यापरोस्कोपिक कोलेसीस्टेक्टोमी' भनिने छालामा प्वालहरू पारेर पित्तथैली निकाल्नुपर्ने अवस्थाका बिरामीको अध्ययनमा केन्द्रित छ।

यो शल्यक्रियाको प्रक्रिया छोटो छ - धेरैजसो एक घण्टा भन्दा कममा सकिन्छ र छिटो सञ्चो होस् भन्ने अपेक्षा राखिन्छ।

किन अनुसन्धानकर्ताहरू सङ्गीततर्फ मोडिए भन्ने जान्न आधुनिक 'एनेस्थेसिया' को अभ्यास जानेपछि सहयोग पुग्छ।

"हाम्रो उद्देश्य शल्यक्रियापछि बिरामीलाई सकेसम्म छिटो अस्पतालबाट बिदा गरौं भन्ने हो," अध्ययनमा एनेस्थेसियाबारे वरिष्ठ विज्ञ तथा म्युजिक थेरापिस्ट डा. फराह हुसेन भन्छिन्।

"बिरामीहरू छर्लङ्ग मस्तिष्क, सतर्क र दुखाइबिना ब्युँझिनु पर्छ। दुखाइ व्यवस्थापन राम्रो हुने हो भने तनावको प्रतिक्रिया कम हुन पुग्छ।"

त्यस्तो अवस्था प्राप्त गर्न पाँच वा छ वटा औषधिको मिश्रण आवश्यक पर्छ जसले बिरामीलाई निदाउनमा सहयोग गर्छ, दुखाइलाई रोक्छ र मांसपेशीलाई आराम दिन्छ।

'ल्यापरोस्कोपिक' तरिकाले पित्ताशय निकाल्ने प्रक्रियामा 'एनेस्थसियोलोजिस्ट' ले अहिले धेरैजसो यो औषधिको मिश्रणको साथमा क्षेत्रीय "ब्लक" पनि दिन्छन् - त्यो भनेको अल्ट्रासाउन्ड निर्देशित सुई हो जसले पेटको भित्तामा नशाहरूलाई शून्य बनाइदिन्छ।

बिरामीलाई सङ्गीत सुनाउँदा कस्तो असर पर्छ भनेर अध्ययन गरिएको थियो

मौलाना आजाद मेडिकल कलेजकी पूर्व सिनिअर रेजिडेन्ट तथा प्रमुख अनुसन्धानकर्ता डा. तान्वी गोयल भन्छिन्, "जेनरल एनेस्थिया र 'ब्लक्स' तरिका यही हो, हामीले यो दशकौंदेखि गर्दै आइरहेका छौं।"

तर शरीरले शल्यक्रियालाई सजिलोसँग लिँदैन। 'एनेस्थेसिया' लिएर बिरामी बेहोस भए पनि शरीरले प्रतिक्रिया जनाउँछ- मुटुको चाल बढ्छ, होर्मोनहरूको मात्रा बढ्छ र रक्तचाप पनि बढ्छ।

यसरी बढ्ने कुराहरू घटाउने र व्यवस्थापन गर्ने आधुनिक शल्य चिकित्साको प्रमुख उद्देश्यमध्ये एक हो।

डा. हुसेन बताउँछिन्- तनावपूर्ण प्रतिक्रियाले सञ्चो हुने प्रक्रिया ढिलो बनाउन सक्छ, सुजन बढाउन सक्छ र त्यसैकारण यसको सावधानीयुक्त व्यवस्थापन असाध्यै महत्त्वपूर्ण छ।

तनाव त शरीरमा छुरा लाग्नु पहिले नै सुरु हुन्छ- सुरुमा श्वास नलीमा श्वास ट्यूब घुसाउने बेला देखि नै।

यो गर्नका लागि एनेस्थेसियोलोजिस्टले ल्यारिन्जोस्कोपको प्रयोग गर्छन् अनि घाँटीको तलपट्टि जिब्रो र नरम तन्तुबीच हुँदै स्वरनलीमार्फत् ट्र्याकियामा ट्यूब घुसार्छन्। यो जेनरल एनेस्थेसिया दिँदा गरिने नियमित काम हो जसले गर्दा हावा जाने पाइप खुला रहन्छ र बिरामीहरू बेहोस रहँदा उनीहरूको श्वासप्रश्वासमा समस्या आउँदैन।

"ल्यारिन्जोस्कोपी र इन्ट्यूबेशन चाहिँ जेनरल एनेस्थेसिया दिँदाका बखतका सबभन्दा तनावपूर्ण कार्य मानिन्छन् भन्छिन् मौलाना आजाद मेडिकल कलेजमा एनेस्थेसिया एन्ड इन्टेन्सिभ केयरका निर्देशक प्रोफेसर डा. सोनिया वाधवान। उनी यो अध्ययनको सुपरभाइजर पनि हुन्।

"बिरामी बेहोस रहन्छ र केही पनि सम्झन्न तर पनि उसको शरीरले मुटुको चाल, रक्तचाप र तनाव होर्मोनमा आउने परिवर्तनले उत्पन्न गर्ने तनावप्रति प्रतिक्रिया जनाउँछ।"

यसका लागि विभिन्न औषधि विकास गरिएका छन्।

पुराना इथर मास्क हराएका छन्।

तिनका ठाउँमा नशाबाट दिइने औषधी आएका छन्। तिनमा प्रोपोफोल मुख्य हो। माइकल ज्याक्सनको मृत्युका कारण यो कुख्यात भएको भए पनि अपरेटिङ थिएटरमा भने राम्रो 'रिकभरी' का लागि यसको खूब महत्त्व हुन्छ।

"प्रोपोफोलले १२ सेकेन्डभित्रै काम गर्छ," भन्छिन् डा. गोयल।

"हामी ल्यापरोस्कोपिक कोलेक्सीसटेक्टोमी जस्ता छोटो समय लाग्ने शल्यक्रियाका लागि त्यसैलाई रुचाउँछौं जसले सुँघ्ने औषधीहरूको भन्दा कम 'ह्याङ्गओभर' गराउँछन्।"

अनुसन्धानकर्ताको टीमले सङ्गीतले प्रोपोफोल र फेन्टानिलको प्रयोग गर्नुपर्ने मात्रा घटाउँछ कि घटाउँदैन भन्ने जान्न चाहेको थियो।

थोरै औषधी प्रयोग गर्नु भनेको सर्जरीपछि छिटो ब्युँझनु हो छिटै विभिन्न महत्त्वपूर्ण सङ्केतहरू मिल्नु हो र 'साइड इफेक्ट' पनि कम हुनु हो।

त्यसैले उनीहरूले एउटा अध्ययन 'डिजाइन' गरे। त्यो नमुना आयोजनामा आठ जना बिरामी थिए। त्यसपछि ५६ जना २० देखि ४५ वर्षका वयस्कहरूबीच ११ महिना लामो परीक्षण गरियो। तिनलाई दुई समूहमा बाँडियो। सबैले पाँचवटा औषधी लिएका थिए। एउटा बान्ता नआओस् भनेर दिने, एउटा निन्द्रा लगाइदिने, अर्को फेन्टानील प्रोपोफोल र मांसपेशी रिल्याक्सेन्ट। दुवै समूहले बाहिरको हल्ला नआउने किसिमका हेडफोन लगाएका थिए।

डा. हुसेन भन्छिन्, "हामीले बिरामीलाई दुई आनन्द दिने सङ्गीतमध्ये रोज्न भनेका थियौं एउटा थियो बाँसुरी र अर्को पियानो। बेहोस मस्तिष्कमा पनि कुनै क्षेत्र सक्रिय रहन्छ। सङ्गीत नसम्झिए पनि त्यसप्रतिको चेतनाले फाइदाकारी प्रभाव देखाउँछ।"

परिणाम आश्चर्यजनक थिए।

सङ्गीत सुनाइएका बिरामीहरूमा प्रोपोफोल र फेन्टानीलको मात्रा कम दिए पुग्ने पाइयो।

उनीहरूले सञ्चो हुने प्रक्रिया सजिलो भएको पाए। उनीहरूमा तनावको होर्मोन अर्थात् कोर्टिसोलको मात्रा कम थियो र शल्यक्रियाका बेला रक्तचापमाथिको नियन्त्रण राम्रो थियो।

"एनेस्थेसिया दिएका बेला पनि सुन्ने क्षमता उस्तै रहन्छ," अनुसन्धानकर्ताहरू लेख्छन्, "मस्तिष्कको आन्तरिक स्थितिलाई सङ्गीतले सहयोग गर्न सक्छ।"

निश्चित रूपमा सङ्गीतले 'आन्तरिक मानसिक उथलपुथल 'लाई शान्त गर्ने जस्तो देखिन्छ। "सुन्ने मार्ग त्यतिबेला पनि सक्रिय रहन्छ जब तपाई बेहोस हुनुभएको हुन्छ। तपाईं कुन सङ्गीत भन्ने नसम्झन पनि सक्नुहुन्छ तर मस्तिष्कले त्यसलाई चिनेकै हुन्छ।"

'एनेस्थेसिया' दिएपछि पनि मस्तिष्क पूर्ण रूपमा शून्य हुँदो रहेनछ भन्ने कुराले वैज्ञानिकहरू अचम्ममा पर्ने गरेका छन्। "इन्ट्रा अपरेटिभ अवेरनेस" का कारण अपरेशन भइरहेका बेलाका कुराकानीका अंशहरू सम्झिने पनि हुने गरेको छ।

बेहोस अवस्थामा रहेको भए पनि सर्जरीका बेला हुने तनावपूर्ण अनुभवलाई यदि मस्तिष्कले सम्झन सक्छ भने त्यसले सुमधुर सङ्गीत जस्तो सकारात्मक र आनन्द दिने अवस्थाको अनुभव पनि गर्न सक्छ होला।

डा. हुसेन "कसरी बेहोस अवस्थामा रहेको मस्तिष्कले सङ्गीत जस्तो गैरऔषधीय हस्तक्षेपप्रति कस्तो प्रतिक्रिया दिन्छ भन्ने पत्ता लगाउने कार्यको सुरुवातमा छौं ," भन्छिन् । यो अपरेशन कक्षलाई मानवीय बनाउने तरिका पनि हो।

चिकित्सा क्षेत्रका लागि सङ्गीत थेरापी नयाँ कुरा होइन। यो मनोरोग र मस्तिष्काघातपछिको उपचार तथा अन्तिम अवस्थाको उपचार ( प्यालिएटिभ केयर)मा प्रयोग गरिँदै आएको छ। तर असाध्यै प्राविधिक र मशिनको बाहुल्य हुने एनेस्थेसियाको क्षेत्रमा यसको प्रयोगको प्रवेश हुनु भनेको ठूलै परिवर्तन हो।

यदि यो सरल हस्तक्षेपले थोरै भए पनि औषधि प्रयोग घटाउन र छिटो सञ्चो हुन सक्छ भने यसले अस्पतालहरूलाई शल्यक्रियापछिको स्वास्थ्यका बारेमा सोच्ने तरिका बदल्न सक्छ।

अनुसन्धान टोलीले अर्को अध्ययनका लागि तयारी गरिरहेको छ: सङ्गीतको सहायता सहितको निद्रा लगाउने कार्य। पहिलेको अध्ययनको आधारमा एउटा तथ्य चाहिँ अहिले स्थापित छ- शरीर स्थिर भएर लडिरहेका बेला र मस्तिष्क सुतिरहेका बेला पनि केही मधुर धुनले बिरामीलाई उपचारपछि सञ्चो बनाउने कार्यमा मद्दत गर्न सक्छ।

साभार: बीबीसी/नेपाली

# मन्त्री घिसिङद्वारा सय दिनको उपलब्धि सार्वजनिक



दैनिक समाचारदाता

काठमाडौं ९ पुस । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विकास आयोजनालाई बन्धक बनाउने प्रवृत्ति विरुद्ध निर्मम कदम चालेर अगाडी बढिरहेको बताउनुभएको छ ।

मन्त्री घिसिङले तीन वटा मन्त्रालयबाट एक सय दिनको अवधिमा भएका एक सय एक कामको सूची सार्वजनिक गर्दै ढिलासुस्ती र जिम्मेवारीबाट भाग्ने प्रवृत्तिसँग कुनै सम्झौता नगर्ने बताउनुभयो ।

मन्त्री घिसिङले आफूले भाषणभन्दा काम र देखिने नतिजालाई प्राथमिकता दिएको दाबी गर्दै मन्त्रालयमा बसेर नभई फिल्डमै गएर आयोजना व्यवस्थापन, परामर्शदाता, निर्माण व्यवसायी र स्थानीयसँग प्रत्यक्ष संवादको शैली अपनाएको बताउनुभयो ।

उहाँले वर्षौंदेखि अलपत्र अवस्थामा रहेका करिब १७ अर्ब रुपैयाँ बराबरका ६६ वटा रुग्ण ठेक्का रद्द गरेको बताउँदै काम नगर्ने निर्माण व्यवसायीलाई ठेक्का तोडेर मात्र नछोडिने र नयाँ प्रक्रियामार्फत आयोजनालाई गति दिने स्पष्ट पार्नुभयो ।

मन्त्री घिसिङले रणनीतिक महत्वको १२०० मेगावाटको बुढीगण्डकी र १०६३ मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजनालाई स्वदेशी लगानीमै निर्माण गर्ने गरी वित्तीय ढाँचा तयार पारेर सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको जानकारी दिनुभयो ।

मन्त्री घिसिङले डेडिकेटेड तथा ट्रङ्क लाइनको बक्यौता महसुल उठाउने विषयमा रहेको राजनीतिक हस्तक्षेप र अन्योल आफ्नो कार्यकालमा अन्त्य गरेको दाबी गर्दै स्पष्ट निर्देशनपछि उद्योगीहरूले बक्यौता बुझाउन सुरु गरेको बताउनुभयो ।

मन्त्री घिसिङले प्रस्तुत गर्नुभएको एक सय दिनको उपलब्धिमा विपद् व्यवस्थापनमा कागजमा मात्र नभई मैदानमै उत्रिएर बिपी राजमार्ग र तातोपानी नाका खुलाउने जस्ता कार्य गरेको, मौसम सम्बन्धी विशेष बुलेटिन प्रकाशन, बुढीगण्डकी जलविद्युत् आयोजनाको मोडालिटी तय गरी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको र अपर अरुण जलविद्युत् आयोजनाको समेत वित्तीय ढाँचा तयार भएको उपलब्धिको सूचीमा राखिएको छ ।

यसैगरी भारत र बङ्गलादेशमा १९ अर्ब रुपैयाँ बराबर विद्युत् निर्यात भएको, भौतिकतर्फ कोटेश्वर चोक सुधारमा जापान सरकारसँग ३४ अर्ब ४९ करोड येन बराबर ऋण सम्झौता भएको सूचीमा उल्लेख छ । त्यस्तै ४० रुग्ण ठेक्का तोडिएको, अन्य तोड्ने प्रक्रियामा रहेको र बिपी राजमार्गको पुनर्निर्माणको काम निरन्तरता दिइएको देशको सम्पूर्ण यातायात प्रणालीलाई दिगो, सुरक्षित र समावेशी, हरित र प्रविधिमैत्री दिशातर्फ रूपान्तरण गर्न राष्ट्रिय यातायात नीति तयार पारिएको उपलब्धिको सूचिमा मा उल्लेख छ ।

मन्त्रालय मातहतका निकायमा कर्मचारी सरुवाका लागि मापदण्ड तयार गरी लागु गरिएको, विद्युत् प्रणालीलाई आधुनिक स्वचालित र स्मार्टमा रूपान्तरण गर्न दीर्घकालीन रणनीतिसहित अगाडी बढेको, क्षतिग्रस्त कार्यालयहरू मर्मत सम्भार गरी तथा अन्य स्थानमा व्यवस्थापन गरी सेवा प्रवाह सुचारु गरिएको विषयलाई उपलब्धिको सूचीमा उल्लेख गरिएको छ ।


बन्चरेडाँडा ल्याण्डफिल साइटमा फोहोर व्यवस्थापनमा पटक पटक भएको अवरोध वार्ताद्वारा सहमति गरी समाधान गरिएको मन्त्री घिसिङले सार्वजनिक गरेको एक सय दिनको उपलब्धिमा उल्लेख छ ।

## भुलसुधार

श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकूप,जनकपुरधाम-८, धनुषाको मिति २०८२/९/९ गते बुधवार प्रकाशित 'शिक्षक आवश्यकता सम्बन्धी सूचना'मा विज्ञापन नं. ०२/०८२/०८३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको जानकारी गराइन्छ ।



# जेनजी अगुवा यादवसँग मानव अधिकार आयोगको तीन घण्टा बयान



दैनिक समाचारदाता
काठमाडौं, ९ पुस । राष्ट्रिय मानव अधिकार आयोगले जेनजी अगुवा पुरुषोत्तम यादवसँग तीन घण्टा बयान लिएको छ । बुधबार आयोगले आफ्नै कार्यालयमा बोलाएर भदौ २३ को प्रदर्शन गर्नुअघि जिल्ला प्रशासन कार्यालयमा अनुमति लिने 'बुद्धि' कसले दिएको भनेर सोधेको छ ।
यादवलाई आयोगका ६ सदस्यले बयान लिएका थिए । यादवले अनलाइनखबरलाई दिएको जानकारीअनुसार उक्त आन्दोलन कसरी सुरु भयो ? किन सीडीओ कार्यालयमा अनुमति मागियो ? आन्दोलनका लागि पैसाको स्रोत कहाँबाट आयो ? विदेशी प्रभाव छ कि छैन ? हिंसात्मक घटनाहरूको जिम्मेवारी कसको हो ? भन्ने विषयमा केन्द्रित भएर आयोगले प्रश्न सोधेको थियो ।
यादवले जेनजीको तत्कालीन प्रदर्शनका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अनुमति लिएका थिए । यसै विषयमा आयोगले आफूलाई प्रश्न सोधेको पनि बताए ।
उनका अनुसार आयोगले सोधेको प्रश्न थियो, 'शान्तिपूर्ण प्रदर्शनको अनुमति सीडीओ कार्यालयमा माग्ने बुद्धि कसले दियो ?'
यादवले जवाफमा भनेका थिए, 'यो हाम्रो संवैधानिक र मौलिक अधिकार हो, शान्तिपूर्ण भेला हुने र प्रदर्शन गर्ने अधिकार मानव अधिकारकै हिस्सा हो ।'
त्यस्तै, आयोगले आन्दोलनको सुरुवात गर्ने मिति सेप्टेम्बर ८ नै कसरी तोकियो भन्दै सोधेको थियो । यसरी आन्दोलन गर्ने तरिका कहाँबाट आयो र कसले 'फन्डिङ' गर्‍यो भन्ने विषयमा समेत सोधपुछ गरेको यादवले बताए ।
आयोगले जेनजी आन्दोलनमा स्कुल ड्रेसमै विद्यार्थीहरू बोलाइएको विषयमा केन्द्रित रहेर उनीमाथि प्रश्न सोधेको थियो । आयोगका प्रतिनिधिले सोधेका थिए, 'स्कुल ड्रेसमा बच्चाहरूलाई प्रदर्शनमा किन बोलाएको ?'
उनको जवाफ थियो, 'हामीले कसैलाई पनि स्कुल ड्रेसमा आउनुस् भनेर बोलाएका थिएनौं । यो जेनजीको आन्दोलन थियो, युवाहरू आफैं आएका थिए । यदि बच्चाहरूलाई बोलाउने योजना भएको भए हामी सीडीओकहाँ अनुमति माग्न किन जान्थ्यौं ?'
आयोगले भदौ २४ गते सिंहदरबारलगायतका संरचना र क्षेत्रमा भएको आगलागी र तोडफोडको बारेमा पनि प्रश्नहरू सोधेको थियो । यादवले जवाफ दिए, 'सिंहदरबार कसले जलायो हामीलाई थाहा छैन । हामी त शान्तिपूर्ण प्रदर्शन गर्न आएका थियौं, सत्ता फेर्न वा हिंसा गर्न आएका थिएनौं ।'
त्यस्तै, अन्य नेताका घरमा पनि आगजनी र तोडफोड भएको प्रसंग कोट्याउँदै आयोगलाई जवाफ दिएको दाबी गर्दै यादवले भने, 'गगन थापाको घर जलाउने र विद्यादेवी भण्डारीको घर जलाउने मान्छे को हुन् ? त्यसैगरी सिंहदरबार जल्यो । यो कुनै राजनीतिक षड्यन्त्र हुनसक्छ । हाम्रो हात छैन ।'
साथै, भदौ २३ गते राज्य पक्षबाटै प्रदर्शनकारीमाथि दमन भएको कुरा पनि यादवले आयोगलाई सुनाएको बताए । उनले आफूहरूले शान्तिपूर्ण आन्दोलनको मात्र जिम्मेवारी लिनसक्ने बताउँदै राज्यको दमनको जिम्मेवारी पनि तत्कालीन राज्यसत्ताले लिनुपर्ने बताए ।
साथै, श्रीलंका र बंगलादेशमा भएका आन्दोलनबाट प्रेरणा लिएर यो आन्दोलन गरेको हो कि होइन ? भन्ने प्रश्न पनि आयोगले गर्‍यो । विदेशी प्रदर्शनबाट प्रभावित भएर यो आन्दोलन गरिएको हो वा स्वतस्फूर्त गरिएको हो भन्नेमा पनि आयोगले प्रश्न गर्‍यो ।
त्यसबाहेक जेनजी अगुवा यादवको व्यक्तिगत खर्च र आर्थिक स्रोतको बारेमा आयोगले सोधपुछ गर्‍यो । उनी काठमाडौंमा कसरी बसिरहेका छन् ? दैनिक खर्च कसरी चलिरहेको छ ? अनि यिनै जेनजीले प्रदर्शनमा पानी बाँड्ने, गाडीको व्यवस्था, साउन्ड सिस्टमको व्यवस्था कसले गर्‍यो र त्यसको पैसा कहाँबाट आयो भन्ने प्रश्नहरू समेत आयोगले सोध्यो ।
अन्य व्यक्तिगत प्रश्नमा पनि आयोगले चासो देखाएको यादवले सुनाए । कहाँ पढेको, के विषय पढेको, अन्य सामाजिक सक्रियता कस्तो छ, हामी नेपालका संयोजक सुदन गुरुङ र जेनजी अगुवा रक्षा बमसँगको सम्बन्ध कस्तो हो र कहिलेदेखि चिनजान थियो, अनि उनीहरूसँग अहिले कस्तो सम्बन्ध छ ? लगायत प्रश्न आयोगले यादवसमक्ष गरेको थियो ।
'ठूलो संख्यामा मान्छे जम्मा हुँदा तोडफोड वा ध्वंश हुन सक्छ भन्ने थाहा थियो कि थिएन? यत्रो भीड आउँदा के हुन्छ भन्ने अनुमान जेनजीले गरेका थिए कि थिएन भन्ने प्रश्नहरू हामीलाई सोध्यो,' बयानबारे जानकारी दिँदै उनले थपे, 'यसको उचित र आवश्यक जवाफ मैले आयोगलाई नै दिएको छु ।'
यसरी तीन घण्टा बयान लिएको मानव अधिकार आयोगले यादवलाई लिखित प्रश्न पनि सँगसँगै पठाएको छ, जसको जवाफ एक हप्ताभित्र लिखित रुपमै पेस गर्न आयोगले निर्देशन दिएको उनले बताए ।

# अध्यादेशबाट शासन चलाउनु हानिकारक हुन्छ : अर्थमन्त्री खनाल



दैनिक समाचारदाता
विराटनगर, ९ पुस । अन्तरिम सरकारका अर्थमन्त्री रामेश्वर खनालले अध्यादेशका आधारमा शासन चलाउनु लोकतन्त्रका लागि घातक हुने बताएका छन् । विराटनगरमा आजबाट सुरु विराट ट्रेड एक्स्पो २०२५ को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले वर्तमान सरकारसँग असिमित म्याण्डेट नभएकाले अध्यादेशको भरमा शासन चलाउने प्रवृत्ति लोकतन्त्रका लागि हितकर नहुने बताएका हुन् ।
'यो सरकारलाई असीमित म्याण्डेट छैन । कानुन संसद्को अनुपस्थितिमा बन्न सक्दैन र बनाउनु हुँदैन भन्ने मेरो लोकतान्त्रिक विश्वास हो,' उनले भने, 'मैले सधैं भन्दै आएको छु अध्यादेशको आधारमा शासन चलाउनु हुँदैन, यसले लोकतन्त्रलाई बलियो बनाउँदैन र यो असल अभ्यास पनि होइन ।'
सीमित म्याण्डेट र संस्थागत अभावका बाबजुद पनि निजी क्षेत्रको आशालाई सम्बोधन गर्न सरकारले प्रयास गरिरहेको उनले बताए ।
निजी क्षेत्रले संकटका बेला देखाएको धैर्यता र पुनरुत्थान गर्ने क्षमताको प्रशंसा गर्दै उनले निजी क्षेत्र आफैं जुर्मुराएर अघि बढ्न खोज्नु सुखद् पक्ष भएको बताए ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

झापा, ९ पुस । दमक नगरपालिका-७ लालीगुराँस टोलस्थित भित्री सडकखण्डमा मङ्गलबार राति मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।
बागमती प्रदेश ०२-०१७ प ३३४४ नम्बरको मोटरसाइकल हनुमान मन्दिरतर्फबाट रतुवा पुलतर्फ जाँदै गरेको अवस्थामा बाटोको पूर्वपट्टि रहेको पानी जमेको ढलको नालीमा खसेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त दुर्घटनामा कमल गाउँपालिका-६ का ३८ वर्षीय विनोद राईको मृत्यु भएको हो ।
घटनालगत्तै इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी नायब उपरीक्षक किशोर लम्सालको नेतृत्वमा गएको टोलीले आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाएको छ । रासस

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो

दैनिक समाचारदाता
काठमाडौं ९ पुस । नेपाल स्टक एक्सचेञ्ज ९नेप्से० परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । आज नेप्से परिसूचक एक दशमलव ३७ अङ्कले बढेर दुई हजार ५८५ दशमलव ८७ को बिन्दुमा कायम भएको हो । आज




३३४ कम्पनीको ७२ लाख २४ हजार ९१७ कित्ता शेयर ६२ हजार ७६८ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २२ करोड ४६ लाख ६४ हजार ६६३ दशमलव ४५ को कारोबार भएको छ ।
आजको कारोबारमा इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच पाँच दशमलव ३२ प्रतिशतले बढेको छ । सबैभन्दा बढी ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव २६ प्रतिशतले घटेको छ ।
कारोबार रकमका आधारमा आज सबैभन्दा बढी एसवाई प्यालन नेपाल लिमिटेडको रु १४ करोड ४९ लाख ३५ हजार ३८३ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी तेह्रथुम पावर कम्पनी लिमिटेडको दुई लाख ६२ हजार ५८५ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# जनकपुरधाममा टि-२० क्रिकेट प्रतियोगिता शुरु



दैनिक समाचारदाता
जनकपुरधाम ९ पुस । जनकपुरधाममा पाँचौं अन्तर विद्यालय स्तरीय टि-२० क्रिकेट प्रतियोगिता शुरु भएको छ ।
प्रतियोगिताको मधेश प्रदेशका सभामुख रामआशिष यादवले जनकपुरधामको बाह्र विघा रङ्गभूमि मैदानमा उद्घाटन गर्नुभयो । जनकपुरधामको बाह्र विघा रङ्गभूमि मैदान शुरु भएको प्रतियोगितामा २४ वटा विद्यालयका विद्यार्थीहरू सम्मिलित टिमहरू सहभागी छन् ।
खेलको उद्घाटन गर्दै सभामुख यादवले विद्यालय स्तरीय टि-२० प्रतियोगिताबाट विद्यार्थीहरूको शारीरिक, मानसिक विकासका साथै कुलतबाट जोगाउनुका साथै खेलाडीहरूको विकास हुने विश्वास व्यक्त गर्नुभयो ।
जिल्ला क्रिकेट संघका धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेले यस्ता प्रतियोगिताले नयाँ प्रतिभाहरूको पहिचान हुने बताउनुभयो ।
जनकपुर स्पोर्टस क्लब तथा न्यू भिजन नेपालको आयोजनामा शुरु भएको सो प्रतियोगिता ४ वटा समूहमा ६-६ विद्यालयहरूलाई विभाजन गरेर अन्तर विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता शुरु भएको छ । सो प्रतियोगितामा धनुषा जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयहरूको सहभागिता रहेको छ ।
नक आउटको आधारमा खेलाइने भएकाले प्रतियोगिता माघ १० गतेसम्म चल्ने आयोजकले जनाएको छ ।

# १९ जनाको ...........



नाम हटाएर संघीय समानुपातिकमा जान चाहने १९ जनाको सूची त्यहाँ पढियो र त्यसलाई पास गरियो,' प्रवक्ता डा. प्रकाशशरण महतले भने, 'निर्वाचन आयोगलाई त्यो बारेमा जानकारी गराउने भन्ने भएको छ ।'


## श्री गोगल प्रसाद माध्यमिक विद्यालय

जनकपुरधाम उ.म.न.पा.-२४ बसहिया, धनुषा

## शिक्षक आवश्यकता सम्बन्धि सूचना

प्रस्तुत विषयमा यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८२/०९/०८ गतेको निर्णय बमोजिम तपसिलमा उल्लेखित पदहरुको आवश्यक्ता रहेकोले इच्छुक उम्मेदवारहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. **विज्ञापन प्रकाशन मिति : २०८२/०९/०९ गते (सबै पदको लागि)**
२. *विज्ञापन नं. : ०१/०८२/०८३*
३. पद : मा.शि. (राहत), विषय : सामाजिक शिक्षा, संख्या : -१ एक
४. विज्ञापन नं. : ०२/०८२/०८३, पद : प्राथमिक शिक्षक, राहत-२ दुई
५. विज्ञापन नं. : ०३/०८२/०८३, पद : वालविकाश स.का.(१ एक
६. विज्ञापन नं. : ०४/०८२/०८३, पद : आधारभुत विज्ञान शिक्षक (६-८)-१ एक, निजी श्रोत
७. विज्ञापन नं. : ०५/०८२/०८३, पद : सुरक्षा गार्ड/सहायक स्तर-१ एक, निजी श्रोत
८. सेवाको किसिम : करार (सबै पदको लागि)
९. सेवा सुविधा (तलव) : विज्ञापन नं. १, २, र ३ को हकमा नेपाल सरकारको नियमानुसार र ४, ५ को हकमा वि.व्य.स.को निर्णय अनुसार
१०. उमेरको हद : विज्ञापन नं. १, २ र ३ को लागि ४० वर्ष पुरा नभएको तथा विज्ञापन नं. ४ र ५ को हकमा आवश्यक नरहेको
११. परीक्षाको किसिम : विज्ञापन नं. ०१, ०२, ०३ र ०४ को हकमा लिखित र अन्तरवार्ता तथा विज्ञापन नं. ०५ को हकमा अन्तरवार्ता मात्र
१२. शैक्षिक योग्यता : विज्ञापन नं. १, २, ३ र ४ को हकमा प्रचलित शिक्षा ऐन, शिक्षक सेवा आयोगको नियमावलीको नियम ९ र १० तथा विद्यालय विनियमावली एवम् विज्ञापन नं. ५ को हकमा साधारण लेखपढ़
१३. परीक्षा दस्तुर : मा.वि. रु. २,१००।-, आधारभुत (६/८) रु. १,५००।-, प्रा.शि. रु. १२००।-, वालविकास रु. १,०००।- र सुरक्षा गार्ड रु. ७००।-
१४. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८२/०९/२३ गते कार्यालय समय भित्र
१५. सम्पर्क मिति : २०८२/०९/२४ गते
१६. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ

उम्मेदवारहरुले आवेदन साथ आफुले प्राप्त गरेको प्रमाण-पत्रहरुको प्रमाणित प्रतिलिपि तथा परीक्षा दस्तुर वापतको रकम यस विद्यालयको च.हि.नं. ००८००१००४६४१६२००००१ नेपाल वैंक लिमिटेडमा जम्मा गरेको भाउचर समेत पेश गर्नुपर्नेछ ।

*नोट : आवेदन फाराम विद्यालयवाट उपलबध हुनेछ ।*


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४